लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
प्रदेश नं. २, नेपाल

## मकैको बीउ खरिद सम्बन्धी शिलबन्दी दरभाउ-पत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : २०७७/१२/१६

यस कार्यालयलाई आवश्यक तपसिलमा उल्लेखित मकैको बीउ शिलबन्दी दरभाउ-पत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले प्रति किलो के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ ? नेपाल सरकारबाट सम्बन्धित कार्यको लागि इजाजत प्राप्त मुल्यअभिवृद्धि करमा दर्ता भएका, इच्छुक फर्म, कम्पनी तथा सप्लायर्सहरूबाट निम्न सर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरू :

१. यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र माथिको कार्यको लागि इजाजत प्राप्त भई नविकरण भएको इच्छुक फर्म, कम्पनी, सप्लार्यस वा निजको प्रतिनिधिले निवेदनका साथ आयकर दर्ता प्रमाणपत्र आ.व. ०७६/०७७ सम्मको कर चुक्ता प्रमाण-पत्र र मूल्यअभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि साथै राखी शिलबन्दी दरभाउ पत्र दस्तुर पछि फिर्ता नहुने गरि यस कार्यालयको राजश्व शाखामा जम्मा गरि वा यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. १२८०१००३०१०१०००२ मा रू.१०००।- रकम जम्मा गरेको सक्कलै भौचर पेश गरि कृषि विकास शाखाबाट दरभाउ-पत्र फारम प्राप्त गर्न सकिनेछ ।
२. खरिद भएको दरभाउपत्रको हकमा सुचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नुपर्नेछ र सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा दर्ता हुन आएका दरभाउ-पत्रहरू खोलिनेछ ।
३. दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
४. धरौटी वापतको रकम लालबन्दी नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, शाखा लालबन्दीमा रहेको धरौटी खाता नं.१२८०१००३०३००००२ मा नगदै वा मान्यता प्राप्त वाणिज्य बैंकको कम्तीमा ९० दिनको बैंक जमानत सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।
५. दरभाउपत्रमा अंक र अक्षरमा दररेट र जम्मा रकम स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
६. म्याद नाघी आएको, रित नपुगेको वा शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।
७. दरभाउपत्र फारममा उल्लेख भएको सामानको परिमाणमा कार्यालयको आवश्यकता अनुसार थपघट गरि कार्यदेश दिन सक्नेछ ।
८. दरभाउपत्रदाताहरूबाट पेश भएको दरभाउपत्र कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
९. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

कार्यको विवरण :

| दरभाउपत्र नं. | कामको विवरण | परिमाण | दरभाउपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| ०६-०७७/०७८ | सुवर्ण जातको मकैको बीउ खरिद | आवश्यकता अनुसार।- | १,०००।- | २५,०००।- |

प्रमुख प्रशासकिय अधिकृत